# COVID-19 खोपहरू: जान्नुपर्ने कुरा

| मैले खोप कहाँबाट लगाउन सक्छु? | मैले अपोइन्टमेन्ट कसरी निर्धारण गर्ने? |
| --- | --- |
| तपाईंको स्वास्थ्य प्रदायक | आफ्नो प्रदायकलाई फोन गर्नुहोस् वा अनलाइन अपोइन्टमेन्ट निर्धारण गर्नुहोस् |
| सार्वजनिक खोप क्लिनिकहरू | हाम्रो वेबसाइमा जानुहोस्: **vaccinelocator.doh.wa.gov/**<br><br>वा 1-800-525-0127 मा फोन गर्नुहोस्, त्यसपछि # थिच्नुहोस्।<br>भाषा सहायता उपलब्ध छ। |
| स्थानीय फार्मेसीहरू | |
| पप-अप वा सामुदायिक क्लिनिकहरू | यो भिन्न हुन्छ। तपाईंले क्लिनिकको बारेमा साथी वा समुदायको सदस्यबाट सुन्न सक्नुहुन्छ। उनीहरूलाई कसरी साइन अप गर्ने भनेर सोध्नुहोस्। |

## मैले मेरो खोप अपोइन्टमेन्टमा के ल्याउनुपर्छ?

तपाईंलाई निम्न कुरा ल्याउन अनुरोध गर्न सकिन्छ, तर तपाईंले तिनीहरूलाई दिन आवश्यक हुँदैन:

- पहिचान
- बिमा कार्ड
- सामाजिक सुरक्षा नम्बर



तपाईंले खोप लगाउनको लागि तपाईं यु.एस. नागरिक हुनुपर्दैन। उनीहरूले तपाईंको अध्यागमन स्थिति माग्ने छैनन्।

जनस्वास्थ्य उद्देश्यहरूका लागि व्यक्तिगत डाटा मात्र प्रयोग गरिनेछ।

## खोपको मूल्य कति हो?

तपाईंले निःशुल्क खोप पाउनुहुन्छ। तपाईंलाई शुल्क लगाउन वा बिल दिनु हुँदैन।

## मलाई दोस्रो शट आवश्यक हुन्छ?




केही खोपहरू दुई मात्राका हुन्छन्। तपाईंले एकदमै सुरक्षाको लागि पूर्ण रूपमा खोप लगाएपछि लगभग दुई हप्ता लाग्छ। केही मान्छेहरूलाई बुस्टर डोज चाहिन सक्छ ।

| | |
| --- | --- |
| Pfizer-BioNTech | 2 मात्राहरू, 21 दिनको अन्तरालमा |
| Moderna | 2 मात्राहरू, 28 दिनको अन्तरालमा |
| Johnson & Johnson | 1 मात्रा |

**थप जानकारीका लागि**

**यसमा जानुहोस्:** COVIDVaccineWA.org वा DOH.WA.GOV/Coronavirus

**यसमा फोन गर्नुहोस्:** 1-800-525-0127, त्यसपछि # थिच्नुहोस्। भाषा सहायता उपलब्ध छ।

Vaccinate WA
CovidVaccineWA.org

## साइड इफेक्टहरू के-के हुन्?

तपाईंलाई सम्भावित रूपमा साइड इफेक्टहरू देखिन्छ।

**तपाईंको शरीरभरि:**



- थकाइ लाग्ने
- टाउको दुख्ने
- मांसपेशी दुख्ने
- जाडो महसुस हुने
- ज्वरो आउने
- वाकवाकी लाग्ने

**तपाईंले शट पाउनुभएको पाखुरामा:**



- दुख्ने
- रातोपना हुने
- सुन्निने

दुई शटहरू दिइने खोपहरूका लागि, दोस्रो शटपछि साइड इफेक्टहरू अझ खराब हुन सक्छन्।

तपाईंलाई एलर्जिक प्रतिक्रिया भएमा 911 मा फोन गर्नुहोस्। तपाईं कुनै पनि साइड इफेक्ट रिपोर्ट गर्न V-safe को लागि साइन अप गर्न सक्नुहुन्छ: **vsafe.cdc.gov**.

## के एउटा खोप अरूभन्दा राम्रो हुन्छ?

हामी कोभिड-19 विरुद्धको Johnson & Johnson (J&J) खोपको साटो mRNA खोप (Pfizer-BioNTech वा Moderna) लगाउन सिफारिस गर्छौं ।

तपाईं J&J खोप लगाउन चाहनुहुन्छ भने यो खोप पनि उपलब्ध छ । तपाईंको लागि उपलब्ध विभिन्न खोपहरूका सम्बन्धमा आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस् ।



## COVID-19 खोपले के गर्छ?



COVID-19 खोपले तपाईंको शरीरलाई तपाईंलाई बिरामी हुनबाट टाढा राख्ने रोगप्रति प्रतिरक्षाहरू निर्माण गर्न प्रशिक्षित गर्छ।

## खोपहरू सुरक्षित हुन्छन्?

हुन्छन्। सबै खोपहरू **दशौं हजार** मानिसहरूमा परीक्षण गरिएका थिए।

तिनीहरू धेरै जातिका र मोटोपना, मधुमेह, मुटु रोग, कलेजो रोग र HIV जस्ता स्वास्थ्य अवस्थाहरू भएका मानिसहरूमध्ये सुरक्षित भएको देखिएको थियो।





Department of Health (स्वास्थ्य विभागले) कुनै सुरक्षा सरोकार छैन भनी सुनिश्चित गर्न नियमित रूपमा सुरक्षा रिपोर्टहरू जाँच गर्छ।

## मैले खोप किन लगाउनुपर्छ?

खोप लगाउनाले तपाईंलाई काममा सुरक्षित रहन र आफ्ना साथीहरू र परिवारसँग फेरि समय बिताउन मद्दत गर्नेछ।

तपाईं गम्भीर रूपमा बिरामी हुने, अस्पतालमा भर्ना हुने वा COVID-19 बाट मृत्यु हुने सम्भावना कम हुनेछ।



Washington State Department of Health

**DOH 348-804 December 2021 Nepali**

यो कागजातलाई अर्को ढाँचामा अनुरोध गर्न, 1-800-525-0127 मा फोन गर्नुहोस्। कान नसुन्ने वा सुन्नमा कठिनाइ हुने ग्राहकहरूले, कृपया 711 (Washington Relay) मा फोन गर्नुहोस् वा civil.rights@doh.wa.gov मा इमेल गर्नुहोस्